नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

# औषधि व्यवस्था विभाग

फोन नं.: ४७८०२२७, ४७८०४३२
फ्याक्स नं.: ९७७-१-४७८०५७२
पोष्ट बक्स नं.: १००३८

मदन भण्डारी पथ
विजुलीबजार, काठमाडौं, नेपाल

पत्र सङ्ख्या: ०७८/७९
चलानी नं.:

## फाइल खरिद तथा आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं.: DDA/G/SQ/03/078-79** **पहिलो पटक प्रकाशित मितिः २०७८/०९/०९**

आ. व. २०७८-७९ को लागि यस विभागको लागि आवश्यक देहाय बमोजिमका सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद तथा आपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित शर्तहरुको आधारमा योग्य दरभाउपत्रदाताबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र जमानत रकम | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोल्ने अन्तिम मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| DDA/G/SQ/03/078-79 | Repository System को लागि फाइल खरिद तथा आपूर्ति | रु १०००/- | रु ४५०००/- | मिति २०७८/०९/२३ गते कार्यालय समयभित्र । | २०७८/०९/२४ गते १२:०० बजेसम्म । | २०७८/०९/२४ गते १४:०० बजे, विभागमा । |

**तपसिल**

१. यस विभागको लागि माथि उल्लिखित Repository System को लागि आवश्यक फाइल खरिद तथा आपूर्तिको लागि सिलबन्दी दरभाउपत्रको सूचना बमोजिम दरभाउपत्र खरिद गर्न इच्छुक फर्म/कम्पनीले माथि तालिकामा उल्लिखित मितिभित्र फर्म/कम्पनी दर्ताको अद्यावधिक प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ सम्मको कर चुक्ता र छपाइ वा सम्बन्धित समाग्री आपूर्ति सम्बन्धी कार्यको इजाजतपत्र सहित यस विभागको कार्यालय कोड: ३७००२३५०१, राजस्व शीर्षक नं. १४२२९ उल्लेख गरी प्रभु बैंकको मुख्य/शाखा कार्यालयबाट वा यस विभागको राजस्व काउन्टरमा रु १०००/- तिरेको बैंक भौचर दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रको जमानत कम्तिमा ४५ (पैंतालिस) दिनसम्म मान्य अवधि भएको हुनुपर्नेछ ।

३. फाइलको नमूना अवलोकनको लागि विभागमा सम्पर्क राख्न सक्नुहुनेछ ।

४. यस सूचनामा उल्लेखित बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

५. दरभाउपत्र सम्बन्धमा थप जानकारीको लागि विभागको फोन नं. ०१-४७८०२२७ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।